आज मिति २०७७ साल श्रावण ३० गते शुक्रबारको दिन बिहान ११:०० बजे श्रीमान प्रमुख जिल्ला अधिकारी श्री मोहनराज जोशी ज्यूको अध्यक्षतामा जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठक तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय अनुसारका निर्णय गरीयो।

उपस्थिति :-

| | |
|---|---|
| प्र.जि.अ. श्री मोहनराज जोशी | - अध्यक्ष |
| गुल्मपती,सेनानी श्री प्रविन थापा | - सदस्य |
| प्र.ना.उ. श्री नारायण प्रसाद अधिकारी | - सदस्य |
| स.प्र.ना.उ. श्री गणेश बहादुर शाह | - सदस्य |
| प्र.अ.अ. श्री हिरण्ड बहादुर कुँवर | - सदस्य |
| नि.मे.सु. डा. देवेन्द्र लेखक | - सदस्य |
| ब.ले.नि. श्री भुवन जोशी | - सदस्य |
| जि.स.अ. श्री रघुनाथ अवस्थी | - सदस्य |
| स.प्र.जि.अ. श्री लोकेन्द्र सिंह नेगी | - सदस्यसचिव |

विशेष उपस्थिति :

सल्लाहकार जि.स.स.प्रमुख श्री सिद्धराज भट्ट , जि.स.स., बैतडी।

,, नगर प्रमुख श्री केशव बहादुर चन्द, पाटन न.पा., बैतडी।

,, उपाध्यक्ष श्री लिला कुमारी बिष्ट , सुर्नया गा.पा.

आमन्त्रित :-

का.प्र. श्री कृष्ण दत्त लेखक, स्वा.प्र. गु.नि., बैतडी।

अध्यक्ष श्री पार्वती भट्ट , अस्पताल विकास समिति, बैतडी।

नगर प्रमुख श्री नरेन्द्र सिंह थापा, दशरथचन्द न.पा., बैतडी,

निर्णयहरु :-

१. नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७७।०४।२६ गतेको बैठकले गरेका निर्णयहरु यस जिल्लामा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, गराउने, जिल्लास्तर सँग सम्बन्धित निर्णयहरु सम्बन्धित सबै निर्णयहरु सम्बन्धित निकायहरुलाई पठाउने, संचारमाध्यमहरुमार्फत प्रचार प्रसार गर्ने। नेपाल सरकार (मन्त्रिपरिषद) बाट भएका निर्णयहरुको कार्यान्वयन भए/नभएको सम्बन्धमा DCCMC का पदाधिकारीहरुबाट अनुगमन गर्ने, गराउने।

...मन्त्रालय
...प्रशासन कार्यालय
...डी

२. कोभिड-१९ को संक्रमणको जोखिम बढ्दै गएको देखिएको हुँदा जनस्वास्थ्यको रक्षालाई सर्वोच्च प्राथमिकतामा राख्नुपर्ने आवश्यकता भएकोले धार्मिक स्थलहरूमा दैनिक नित्य पूजाबाहेक अन्य कुनै पनि गतिविधि सञ्चालन नगर्ने, नगराउने, तिज, गौरालगायतका चाडपर्वहरू आ-आफ्नै घरभित्र रही जनस्वास्थ्यका मापदण्डहरू पालना गरेर आ-आफ्नो परिवारका सदस्यहरूले सदस्यहरूले मात्र मनाउने।

३. मानिसहरूको जमघट, भेटघाट एवं नजिकिने कार्यबाट कोभिड-१९ को संक्रमण बढ्दै गइरहेको हुँदा अत्यावश्यक बाहेकका कुनै पनि प्रकारका बैठक, समीक्षा, गोष्ठी, सेमिनार, हलफलु, मेलाजस्ता सामूहिक जमघट, भिडभाड हुने कार्यहरू नगर्ने / नगराउने।

४. भारतलगायत अन्य मुलुकबाट आएका नागरिक/व्यक्तिहरूलाई अनिवार्य रूपमा क्वारेन्टाइनमा राख्न सबै स्थानीय तहहरूलाई (नगरपालिका/गाउँपालिका) लाई अनुरोध गर्ने। यस प्रकारको कार्यमा सुरक्षा निकायहरू, राजनीतिक दलहरू, संघ संस्थाहरू सबैले सहयोग र समन्वय गर्ने।

५. यस जिल्लाका दश वटै स्थानीय तहहरूले आ-आफ्नो स्थानीय तहको क्षेत्रभित्रको कोभिड-१९ को संक्रमण दरलाई मध्यनजर गरी सोको आधारमा नगरपालिका/गाउँपालिकामा लकडाउन गर्न सक्ने हुँदा सोको लागि स्थानीय तहहरूलाई अनुरोध गर्ने।

६. नेपालमा पछिल्लो समयमा कोभिड-१९ को संक्रमण बढ्दै गएको सन्दर्भमा स्वास्थ्य सेवा, सुरक्षा, सार्वजनिक सेवा प्रवाहका लागि फ्रन्टलाइनमा काम गर्ने सम्पूर्ण चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी र जनप्रतिनिधिहरूको स्वाब संकलन गरी पि.सि.आर. परीक्षण गर्ने, गराउने।